का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० मंसिर २०८०, शनिबार
16 December 2023, Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ३११ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



दैलेखको भैरबी गाउँपालिका-५ कागेतडामा बस्दै आएका लोपोन्मुख राउटे समुदायका बालबालिका । तस्वीर: सुरेश आचार्य, रासस

# छुटे खाँण, बाँकी रह्यो आशंका

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ मंसिर ।

नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाँण शुक्रबार सात महिना जेल बसेर छुटेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा गत वैशाख २७ मा खाँण पक्राउ परेका थिए । निवासबाटै पक्राउ परेका खाँण सात महिनासम्म पूर्वपक्ष थुनामा थिए ।

तर खाँणले दिएको रिट निवेदनमाथि सुनुवाई गर्दै उच्च अदालत पाटनले ३० लाख धरौटीमा छोड्ने दिएको थियो । बिहीबार न्यायाधीश कृष्णराम कोइरालाको एकल इजलासले विभिन्न ६ आधार देखाउँदै ३० लाख धरौटीमा छोड्ने आदेश दिएको हो ।

उच्च अदालत पछि सम्पत्ति शुद्धीकरणले पनि १५ लाख धरौटीमा धरौटीमा छोड्ने आदेश दियो । आदेशअनुसार, धरौटी बुझाएपछि खाँण शुक्रबार छुटे ।

खाँणलाई गत १ असारमा पूर्पक्षका लागि थुनामा पठाउन काठमाडौं जिल्ला अदालतले आदेश दिएको थियो । तर उक्त आदेशविरुद्ध खाँणले दिएको निवेदनमा उच्च अदालत पाटनका न्यायाधीशहरु जनक पाण्डे र प्रकाश खरेलको राय बाझिएको थियो ।



> नक्कली शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाँण सात महिनापछि शुक्रबार छुटेका छन् । तर खाँण धरौटीमा छुटिरहँदा न्यायिक आदेशप्रति आशंका सतहमै देखिएको छ ।

न्यायाधीश पाण्डेले थुनामै पठाउनुपर्ने र खरेलले छोड्नुपर्ने तर्क गरेका थिए । दुई न्यायाधीशबीच राय बाझिएपछि एकल इजलासमा पठाइएको निवेदनमाथि शुक्रबार न्यायाधीश कोइरालाले सुनुवाइ गरेका थिए ।

न्यायाधीश कोइरालाले खाँणलाई धरौटीमा छोड्न दिएको आदेशका >>> पृष्ठ २ मा

## महासमिति सार्ने निर्णय

# स्वार्थले सहमति

मुलुकको सवैभन्दा ठूलो दल नेपाली कांग्रेसले चौथो पटक महासमिति बैठक स्थगित गरेको छ । बैठक सार्ने निर्णयमा लगातार सहमति जुट्नुको पछाडि भने संस्थापन र इतर समूहको स्वार्थ मिल्नु रहेको देखिन्छ ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २९ मंसिर ।

मुलुकको सवैभन्दा ठूलो दल नेपाली कांग्रेसले आफ्नै कार्यतालिका पछ्याउन सकेको छैन । गत साउनमा बसेको केन्द्रीय कार्य समिति बैठकले हरेक दुई महिनामा केन्द्रीय समितिको बैठक बस्नेगरी एक वर्ष तालिका सार्वजनिक गरेको थियो ।

त्यही कार्यतालिकाभित्र महासमिति बैठक मंसिरमा हुने उल्लेख थियो । तर यो बीचमा एउटा केन्द्रीय समिति बैठक असोजमा बस्नु बाहेक अरु तालिका कांग्रेसले पछ्याउन सकेको छैन ।

शुक्रबार बसेको केन्द्रीय कार्य सम्पादन बैठकले त महासमिति बैठक चौथोपटक सार्ने निर्णय गरेको छ । शुक्रबारको निर्णय बमोजिम कांग्रेसको महासमिति बैठक आगामी ७-१० फागुनमा बस्नेछ ।

यसअघि महासमिति बैठक १३-१५ मंसिर, २९ मंसिर-२ पुस र १६-१९ पुसमा बस्ने मिति तय गरेको थियो । तर लगातार सर्दै आएको महासमिति बैठक फेरि अर्कोपटक सारिएको छ । नेताहरुले चिसो मौसमलाई कारण देखाएर महासमिति बैठक सारेका छन् ।

स्रोतका अनुसार, सार्वजनिक खपतका निम्ति मात्रै नेताहरुले चिसो भनेका हुन् । मुख्यकारण भने ११ माघमा तोकिएको राष्ट्रियसभाको निर्वाचन हो । आगामी २० फागुनमा २० जना राष्ट्रियसभा सदस्यहरुको कार्यकाल पूरा हुँदैछ । त्यसैले ११ माघमा निर्वाचन तोकिएको छ ।

त्यसअगाडि महासमिति बैठक बस्दा उक्त चुनाव प्रभावित हुने सभापति शेरबहादुर देउवाको आँकलन छ । किनकि कांग्रेसभित्र अहिलेको सत्तागठबन्धनविरुद्ध आवाज बलियो हुँदै आएको छ । तर सभापति देउवा भने अहिलेको गठबन्धन जोगाएरै लैजाने तयारीमा छन् ।



राष्ट्रियसभामा भागबण्डा गर्न सजिलो पर्ने र गठबन्धनविरोधी आवाज पार्टीभित्र बलियो हुन नदिन महासमिति बैठक सार्ने निष्कर्ष ।



केही दिन अगाडि मात्रै डा.शेखर कोइराला र महामन्त्री गगन थापा सम्मिलित भेला भएकाले महासमिति बैठक सार्दा संस्थापन इतर समूहको सम्बन्ध सुधारमा समय मिल्ने ।

राष्ट्रियसभाको चुनाव अगाडि महासमिति बैठक बसे संस्थापन इतर समूहको आवाज बलियो हुने र गठबन्धनबीच भागबण्डामा अप्ठ्यारो पर्ने देउवाको बुझाइ छ । अझ गठबन्धनमा आवद्ध नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टीदेखि नागरिक उन्मुक्तिसम्म राष्ट्रियसभाको भागबण्डा गर्न सजिलो छैन ।

यी गबठन्धनका दलहरुले सकेसम्म धेरै सिट भागबण्डामा पाउनुपर्ने दावी गरिरहेका छन् । सभापति देउवा चाहिँ गठबन्धन जोगाएर नेकपा एमालेलाई क्लिनस्वीप गर्ने चाहनामा >>> पृष्ठ २ मा

## राष्ट्रिय सभा चुनाव

# साना दलले खोजे भाग

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ मंसिर ।

सत्ता साझेदार नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर राष्ट्रिय सभामा आफ्नो पार्टीले पनि भाग पाउनुपर्ने बताएको छ ।

नाउपा संरक्षक रेशमलाल चौधरी र अध्यक्ष तथा भूमि व्यवस्थामन्त्री रञ्जिता चौधरीले प्रधानमन्त्रीलाई भेटेर राष्ट्रियसभा निर्वाचनमा गठबन्धनको सिट बाँडफाँटमा भाग खोजेको हो ।

सत्ता गठबन्धन्धनमा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले चुनाव हुन लागेको १९ सिटमा भागवण्डा गर्न खोजेपछि साना दलहरुले आफूहरुले पनि भाग पाउनुपर्ने बताएका हुन् । त्यही क्रममा नाउपाका संरक्षक चौधरीले प्रधानमन्त्रीलाई भेटेर राष्ट्रियसभा निर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता भएको जानकारी गराउँदै सिट बाँडफाँटमा समेटियोस् भनी आग्रह गरेका हुन् ।

माघ ११ गते राष्ट्रियसभाका १९ सिटको निर्वाचन हुँदैछ । आफ्नो पार्टीका सुदूरपश्चिममा १४, लुम्बिनीमा ४ र मधेसमा १ मत रहेको र उक्त मतभार महत्त्वपूर्ण भएकाले तीनमध्ये एक प्रदेशमा उम्मेदवारी पाउनुपर्ने चौधरीको भनाइ छ ।

> लोसपा, नाउपा र जनमत पार्टीले राष्ट्रिय सभाको चुनावमा आफूहरुले पनि भाग पाउनुपर्ने भनी सत्ता गठबन्धनमा रहेका दलहरुसँग संवाद बढाएका हुन् ।

नाउपाका साथै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टीले पनि राष्ट्रिय सभाको चुनावमा आफूहरुले पनि भाग पाउनुपर्ने भनी सत्ता गठबन्धनमा रहेका दलहरुसँग संवाद बढाएका छन् ।

निर्वाचन आयोगका अनुसार १२ वटा दल राष्ट्रिय सभा चुनावका लागि दर्ता भएको छ । जसमा कांग्रेस, एमाले, माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# भिजिट भिसाको सेटिङमा संलग्न थप पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ मंसिर

नेपाली युवायुवतीबाट मोटो रकम असुली गरी सेटिङका आधारमा भिजिट भिसामा विदेश पठाएको आरोपमा प्रहरीले थप केही ट्राभल्स एजेन्सीका सञ्चालक र कर्मचारीलाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय बानेश्वरले शुक्रबार निमा छिरिङ ट्राभल्सका सञ्चालक मनोज तामाङ र कर्मचारी पदम लामालाई पक्राउ गरेको बताएको छ ।

प्रहरीले अध्यागमनका अधिकृत नरवीर खड्कालाई पनि नियन्त्रणमा लिइएको बताएको छ । उक्त कार्यालयका एसपी मिलन केसीले तामाङ र लामाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय अधिकृतसँग मापदण्ड विपरीत सेटिङका आधारमा भिजिट भिसामा युवायुवतीलाई यूएईलगायतका देश पठाउने गरेको खुल्न आएको बताए ।

प्रहरीले नक्कली कागजातका आधारमा प्रतिव्यक्ति ४० हजारदेखि ५५ हजार रुपैयाँसम्म लिएर विदेश जान यात्रा अनुमति दिने गरेको खुलेको बताएको छ । पछिल्लोपटक पक्राउ परेका व्यक्तिहरूले कम्तीमा ३ सय जनालाई सेटिङ गरी विदेश पठाएको अनुसन्धानका क्रममा खुलेको प्रहरीले बताएको छ ।

यसअघि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले नक्कली कागजात बनाएर भिजिट >>> पृष्ठ २ मा

### ग्रीस पठाइदिन्छु भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि युरोपेली मुलुक ग्रीस पठाइदिन्छु भन्दै ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले लक्ष्मण सापकोटासमेत दुई जनालाई वैदेशिक रोजगारीका लागि ग्रीस पठाइदिन्छु भन्दै प्रलोभनमा पारेर ठगी गरेको उजुरीका आधारमा गोरखा पालुङटार नगरपालिका वडा नं. ९ घर भइ हाल ललितपुर महानगरपालिका वडा नं. ४ बागडोल बस्ने होमबहादुर तामाङलाई पक्राउ गरेको हो । >>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
३० मंसिर २०८०, शनिबार
16 December 2023, Saturday

# काठमाडौं महानगरका प्रगतिशील कामबाट संघीय सरकारलाई उत्प्रेरणा मिलेको छ : प्रधानमन्त्री

**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थानीय तहको जग अझ मजबुत बनाउन नीतिगत सुधार गर्दै वित्तीय हस्तान्तरणलाई प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । २९ औं काठमाडौं महानगर दिवसका अवसरमा शुक्रबार सैनिक मञ्च टुँडिखेलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले स्थानीय तहलाई संविधानको मर्म र भावनाअनुरूप स्रोत तथा साधनको व्यवस्था र स्थानीय सरकारको मान्यताअनुसार अधिकारसम्पन्न तुल्याउन सरकारले प्रभावकारी काम गर्ने बताए ।



नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा तीन तहको सरकारको प्रष्ट व्यवस्था गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ तुल्याउन कानुन निर्माण पहिलो प्राथमिकतामा रहेको बताए ।

'संघीय कानूनको निर्माण र व्यवस्थित कार्यान्वयनबाट मात्रै संघीय प्रणालीलाई थप सुदृढ र जनताको हितमा सदुपयोग गर्न सकिन्छ', उनले भने, 'संवैधानिक अभ्यासमा थप परिपक्वता ल्याउन काठमाडौं महानगरपालिकालगायत सबै स्थानीय सरकारलाई बलियो बनाउन नेपाल सरकार दृढ छ ।'

काठमाडौं देशको राजधानी मात्र नभएर विश्वकै प्राचीनमध्येको एक सांस्कृतिक सहरका रूपमा रहेको जनाउँदै उनले विशिष्ट विशेषता बोकेका कला, संस्कृति, जीवनशैली, खानपानआदिले काठमाडौंलाई खुला संग्रहालयका रूपमा विश्वमाझ चिनाएको बताए । पछिल्लो समय काठमाडौं महानगरले गरेका प्रगतिशील कामलाई आफूले गम्भीरतापूर्वक नियालिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सहरी सौन्दर्य, शिक्षाको व्यवस्थापन एवं विकास, सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन, सांस्कृतिक सम्पदा संरक्षणमा महानगरको पहलले संघीय सरकारलाई सकारात्मक उत्प्रेरणा पैदा गरेको बताए ।

राजधानी सहरलाई सफा, हरियालीयुक्त, सांस्कृतिक वैभवको जगेर्नाका माध्यमबाट स्पन्दनयुक्त र आधुनिक विशेषताले भरिपूर्ण ऐतिहासिक सहरका रूपमा विकास गर्न महानगरको प्रयास प्रशंसनीय रहेको उनको भनाइ छ । 'काठमाडौं महानगरले भौतिक र मानवीय विकासका पक्षलाई सन्तुलित ढंगले अगाडि बढेर देशका सबै स्थानीय तहलाई अनुकरणीय नमूना प्रस्तुत गर्नेछ', प्रधानमन्त्री दाहालले भने, 'नेपाल सरकारका तर्फबाट गर्नुपर्ने साथ, सहयोग र निर्णयका निम्ति म सधैं तत्पर छु ।' उनले सामूहिक सहकार्यको संस्कृतिको जगमा उभिएर संघीय शासन प्रणालीको फराकिलो आधारभूमिमा विकसित काठमाडौं सहर निर्माणको साझा लक्ष्य हासिल गर्न महानगर दिवसले सबैलाई प्रेरणा देओस् भनी कामनासमेत गरे । विसं २०५२ मा तत्कालीन काठमाडौं नगरपालिकालाई मुलुककै पहिलो महानगरका रूपमा घोषणा गरिएको थियो ।

सम्पन्न सफल र राम्रा कामलाई निरन्तरता दिइने बताउँदै कार्यक्रममा महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले, फोहोर व्यवस्थापनको दिगो समाधान, तीनकुनेको जग्गा मुआव्जा सम्बन्धी समस्या र नदी सभ्यताको संरक्षणका लागि संघ, प्रदेश र महानगरपालिकाले संयुक्त रुपमा काम गर्नु पर्ने अवस्था रहेको उल्लेख गरे ।

कार्यक्रममा बोल्दै महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले, संरचनागत, नीतिगत, कानूनी, प्रशासनिक र व्यवस्थापकीय क्षेत्रमा उल्लेख्य सफलता हासिल गरेको बताइन् । विगतदेखि लोकप्रिय रहेका कार्यक्रमलाई निरन्तरता दिएको, नविन, सिर्जनात्मक र सहरी सुशासन प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिएको, उत्तरदायी, पारदर्शी शासन सञ्चालनका लागि निर्देशित रहेको उनको भनाइ थियो । कार्यक्रममा विधागत सम्मान तथा पुरस्कार वितरण, सांस्कृतिक झाँकी प्रदर्शन, महानगरपालिकाको सेवा तथा कामसँग सम्बन्धित साधन तथा उपकरणहरुको प्रदर्शन, सांस्कृतिक कार्यक्रम सञ्चालन भएका थिए ।

# अनसनमा डा. केसी

**काठमाडौं/मस-**चिकित्सा शिक्षा सुधारका अभियान्ता प्रा.डा.गोविन्द केसीले अनसन शुरु गरेका छन् । डा. केसीले धनगढीको लक्ष्मीनारायण मन्दिरको धर्मशालाबाट अनसन सुरु गरेका हुन् । डा.केसी गेटा अस्पतालमा अनसन बस्न पुगेका थिए । तर त्यहाँ अनसन बस्न नदिएपछि डा.केसीले धर्मशालाबाट अनसन शुरु गरेका हुन् ।




गेटा मेडिकल कलेजको सञ्चालन लगायत पुराना मागको कार्यान्वयन सहित डा.केसीले मुख्य दुई बुँदे माग राखेर अनसन शुरु गरेका हुन् ।

डा.केसीले विगतमा भएका सम्झौता, सरकारी अस्पतालहरुमा मागअनुसार दरबन्दी थप गर्दै क्षमता बढाउने र सबै निःशुल्क औषधिहरु पाइने सुनिश्चित गर्ने माग राखेका छन् ।

यस्तै, १०० शय्याभन्दा बढी क्षमता भएका सरकारी अस्पतालहरूमा नर्सिङ लगायत अन्य स्वास्थ्यसम्वन्धी विषयका कार्यक्रम शुरु गर्ने, विश्वविद्यालय र प्रतिष्ठानहरुमा पदाधिकारी नियुक्तिको मापदण्डसहित कानुनी व्यवस्था गर्ने, ऐन जारी नहुँदासम्म दलीय भागवण्डा निषेध गर्दै यस अगाडि सम्झौता भए बमोजिमका मापदण्डअनुसार तुरुन्त विश्वविद्यालयहरुमा नियुक्ति गर्ने र एकीकृत प्रतिष्ठान ऐन शीघ्र जारी गर्ने माग उनले राखेका छन् ।

# दर्ज्यानी चिह्न प्रदान

**काठमाडौं/मस-**प्रधानसेनापति प्रभुराम शर्माले रथी दर्जामा बढुवा भएका उपरथी अशोकराज सिग्देललाई रथी दर्जाको दर्ज्यानी चिह्न प्रदान गरेका छन् ।



मन्त्रिपरिषद्को बिहीबारको बैठकले उनलाई उक्त पदमा बढुवा गर्ने निर्णय गरेको थियो ।

विसं २०२३ माघ १९ गते कपिलवस्तुमा जन्मिएका रथी सिग्देल २०४३ फागुन ३ गते नेपाली सेनाको अधिकृत क्याडेट दर्जामा प्रवेश गरी २०४५ जेठ १९ गते नेपाली सैनिक प्रतिष्ठानबाट सहायक सेनानी भएका थिए ।

शुक्रबार नै जङ्गी अड्डामा आयोजित कार्यक्रममा प्रधानसेनापतिले रथी सिग्देलका साथै उपरथीमा बढुवा भएका सहायक रथी सन्तोष वल्लभ पौडेललाई पनि दर्ज्यानी चिह्न प्रदान गरे । रथी सिग्देल बलाधिकृत र उपरथी पौडेल पश्चिम पृतनापतिमा नियुक्त भएका थिए ।

# महानगरको निर्णयमा अदालतको अंकुश

**काठमाडौं/मस–** उच्च अदालत पाटनले सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न नदिने काठमाडौं महानगरपालिकालको निर्णय कार्यान्वयन नगर्न आदेश दिएको छ ।



शुक्रबार उच्च अदालत पाटनका न्यायधीश जनक पाण्डे र ब्रजेश प्याकुरेलको सयुक्त इजलासले काठमाडौं महानगरको सुर्तीजन्य पदार्थमा बिक्री वितरणमा रोक लगाउने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो ।

आदेशमा अन्तिम टुंगो नलागेसम्म निर्णय कार्यान्वयन नगर्न/नगराउन भनिएको छ । ' निवदेकले रीतपूर्वक उद्योग व्यवसाय सञ्चालन गरी कर तथा राजस्व नियमित तिर्दै बुझाउँदै आएको अवस्थामा हाल काठमाडौं महानगरले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ को दफा ४ एवम् काठमाडौं महानगर जनस्वास्थ्य ऐन, २०८० को दफा ४२ लाई आधार मानी निवेदकको बिक्री विवरण समेतमा पूर्ण प्रतिबन्ध लगाएको छ', भन्ने सूचनाले निवेदकले कानुन बमोजिम सञ्चालन गर्दै आएको उद्योग व्यवसायमा प्रतिकुल असर परी अपूरणीय क्षति पुग्नसक्ने अवस्था देखिएको छ,' आदेशमा उल्लेख गरिएको छ । काठमाडौं महानगरले यही मङ्सिर २७ गतेदेखि प्लास्टिक प्याकेजिङ् गरिएका, खैनी, गुट्खा, पानपराग जस्ता सुर्तीजन्य पदार्थको बिक्री विवरणमा रोक लगाएको थियो ।

# बालिका करणी गर्नेलाई जन्मकैद

**तनहुँ/मस-**तनहुँ जिल्ला अदालतले बालिकालाई करणी गर्ने एक युवालाई जन्मकैदको फैसला सुनाएको छ । न्यायाधीश कोमलप्रसाद आचार्यको इजलासले भानु नगरपालिका-१० का १९ वर्षीय सुदीप थापा मगरलाई जन्मकैदको फैसला सुनाएको हो । साथै निजलाई ६ लाख जरिवाना र २० हजार रुपैयाँ क्षतिपूर्तिको फैसला भएको तनहुँ अदालतले जनाएको छ । निजविरुद्ध नौ वर्षीया




नाबालिकलाई करणीको अभियोग लागेको थियो । प्रहरीले निजविरुद्ध विसं २०७९ असोज २८ गते तनहुँ अदालतमा मद्दा दर्ता गरेको थियो ।

# त्रियुगामा हजार दिने मातृशिशु सुनौलो कार्यक्रम सञ्चालन

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २९ मंसिर

त्रियुगा नगरपालिका अन्तर्गत रहेको वडा नं. ६ जल्जलेले पोषण सम्बन्धी हजार दिने मातृशिशु सुनौलो कार्यक्रमसँगै किसानहरुका लागि दुई प्रजातिको घाँसको बीउ टोल विकास सस्थालाई हस्तान्तरण गरेको छ ।



त्रियुगा नगरपालिकाको समन्वय तथा वडा नं. ६ को आयोजनामा शुक्रबार जल्जलेमा सञ्चालन गरिएको पोषण तथा बहुक्षेत्रीय पोषण योजना सम्बन्धी हजार दिने सुनौलो कार्यक्रममा वडाको टोल विकास संस्थाका प्रतिनिधि तथा टोल विकास समन्वय समितिको संयोजक, राजनीतिक दल, बाल क्लब प्रतिनिधि, शिक्षक, शिक्षिका, स्वास्थ्यकर्मी, स्वयम् सेविका, स्थानीय नागरिक, विद्यार्थी लगायतको सहभागीता जनाएका थिए ।

पोषण कार्यक्रम अन्तर्गत सहभागीहरुलाई शारीरिक, बौद्धिक, रोगसँग लड्न सक्ने सन्तुलित भोजनको प्रयोग सरसफाइ, खानेपानी, अर्गानिक उत्पादन खानपान, पोषण सम्बन्धी हजार दिने सुनौलो कार्यक्रम लगायत अन्य विषयमा नगरको सामाजिक विकास प्रमुख राजकुमार खड्काले प्रशिक्षण दिएका थिए ।

बहुक्षेत्रीय पोषण योजना अन्तर्गत त्रियुगा नगरपालिकाको मातहतबाट ५ र ६ वडामा पोषण सम्बन्धी हजार दिने मातृशिशु सुनौलो कार्यक्रम सञ्चालन गरिएको -६ नम्बर वडाअध्यक्ष योगेन्द्र राज दाहालले बताए ।

दाहालले मानिस जन्मेदेखि जीवन वृद्धि विकाससँगै शारीरिक, बौद्धिक र रोगसँग लड्ने क्षमता विकासको लागि सन्तुलन भोजन र स्वास्थ्य जीवन आवश्यक रहेको बताए । उनले कुलो सडक, बाटोघाटोको मात्र विकास नभइ मानिसको चेतनाको विकासस्तर पनि महत्वपूर्ण हुनुका साथै सन्तुलित भोजन खानेकुराको प्रयोगले आम व्यक्ति, परिवार समाज, वडा, नगर, जिल्लाको नागरिकको मात्र स्वास्थ्य स्वस्थ नभइ राष्ट्रको हुने बताए ।

त्रियुगा नगरपालिकाकी उपमेयर महेश्वरी राईले हामी नेपाली गरिब नरहेको भोकले पनि कहिले नमरेको सुनिएता पनि हामीले खानपान र सन्तुलित भोजनमा खाने तौतरिका नपुगेको बताइन् । राईले हामीले स्वास्थ्य स्वस्थ राख्नका लागि सन्तुलित भोजन र खानेकुरा प्रयोग अत्यावश्यक रहेको बताइन् ।

उनले समाजमा विकृति रहेसँगै मानिस भन्दा बढी पशुलाई स्याहारसुसार गर्ने र अन्धविश्वाससँगै छोरा वा छोरी जन्मिदा पनि भेदभाव र महिलाहरुमा मातृशिशुलाई स्याहार सुसार गर्ने कार्यमा भेदभाव हुने गरेको बताइन् । प्रमुख अतिथि उपमेयर राई, वडा अध्यक्ष दाहाल लगायतले जै घाँस १ सय ८० किलो ग्राम र बर्सिम घाँस ५ किलो टोल विकास समितिका प्रतिनिधि तथा समन्वय संयोजकलाई हस्तान्तरण गरेका थिए ।

# हुम्लामा मनाइयो तोतङरी ल्होछार



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २९ मंसिर

हिमालयन बौद्ध धर्मावलम्बीहरुले तोतङरी ल्होछार हिमाली जिल्ला हुम्लामा पनि मनाएका छन् ।

२१५० खरायो वर्षलाई बिदाइ गर्दै २१५१ देउ वर्षलाई आगमन गर्दै हुम्लाका लामा (भोटे) जातिले तोतङरी ल्होछार पर्व मनाउन थालेका हुन् ।

पुष कृष्ण चतुर्दशीका दिनदेखि मनाउने गरेपनि तोतङरी ल्होछार नयाँ वर्ष पर्व भने पुष शुक्ल प्रतिपदाबाट विविध कार्यक्रम आयोजना गरी मनाइएको छ ।

तोतङरी ल्होछार पर्वमा विशेष कार्यक्रम गरी पुरानो वर्षको बिदाइ र नयाँवर्षको स्वागत गरिन्छ । यस्ता पर्वले संस्कृति संरक्षण हुनुका साथै भाइचारा अभिवृद्धिमा सहयोग पुग्ने स्थानीय छपाल लामाले बताइन् ।

ल्होछारको तेस्रो दिन शुक्रबार सिमकोटमा रहेको लामा साँस्कृतिक मञ्चमा जम्मा भएर पूजाआजा गरी लिंगो ठड्याउने आ-आफ्नो साँस्कृति तथा रितिरिवाज अनुसार बाजागाजा र झाँकीसहित गीत गाउँदै नाच्दै रमाइलो गर्ने गरिन्छ । पात्रोअनुसार पुष शुक्ल प्रतिपदा बिहीबारदेखि खरायो वर्ष पूरा गरी ड्रागन (देउ) वर्ष प्रवेश हुन्छ ।

हरेक वर्ष पुष शुक्ल प्रतिपदाबाट विभिन्न कार्यक्रम गरी तोतङरी ल्होछार पर्व मनाइन्छ । हिमाली क्षेत्रमा बसोबास गर्ने पूर्व सोलुखुम्बुदेखि चीनको स्वशासीत क्षेत्र तिब्बतको डिघर्चीसम्मका लामा भोटे र ब्यासी समुदायले यो पर्व मनाउने गरेको लामा साँस्कृतिक मञ्च हुम्लाका अध्यक्ष धर्मानन्द लामाले बताए ।

हरेक वर्ष पुष शुक्ल प्रतिपदाका दिनदेखि मनाइने चाड लामा र ब्यासी जातीको मुख्य पर्व हो । यो पर्व बसन्त पञ्चमीसम्म मनाइने उनले बताए ।

ल्होछारका १२ वट वर्ष मुसा, हात्ती, बाघ, खरायो, ड्रागन (धेउ), सर्प, घोडा, बाँदर, चरा, कुकुर, सुँगुर र भेडा गरी १२ वर्गमा तोतङरी ल्होछारलाई विभाजन गरिएको छ । ल्होछारका १२ वटै वर्ष पशुपक्षीको नामबाट गणना गरिएकाले लामा र ब्यासी समुदाय प्रकृतिपूजक रहेको पनि जनाए ।

अध्यक्ष लामाका अनुसार अन्य (सोनाम, तमु र ग्याल्बु) ल्होछारमा सरकारले सार्वजनिक बिदा दिने गरेको भएपनि तोतङरी ल्होछारमा सरकारले सार्वजनिक विदा नदिइ हिमाली क्षेत्रमा बसोबास गर्ने लामा र ब्यासी समुदायलाई सरकारले विभेद गरेको बताए । तोतङरी ल्होछारको अवसरमा नेपाल सरकारले विभेद गरेपनि अब आउँदा दिनहरुमा कर्णाली प्रदेश सरकारले यो ल्होछारमा सार्वजनिक बिदा घोषणा गरेर हिमाली क्षेत्रमा बसोबास गर्ने लामा र ब्यासी समुदायको सम्मान हुने स्थानीय पेमा लामाले बताए ।

### छुटे...

लागि लिएका आधारलाई लिएर प्रश्न उठेको देखिन्छ । विशेषगरी आफूमाथि लगाइएको आरोप खाँणले अस्वीकार गरेको, बयानका क्रममा प्रहरीले दबाव दिएको जस्ता तर्क आधार मानेर खाँणलाई धरौटीमा छोडिएको छ ।

अदालतको आदेश भएकाले सोहीअनुसार, खाँण छुटेका छन् । शुक्रबार नै नेकपा एमालेबाट प्रतिनिधिसभा सदस्य निर्वाचित लक्ष्मी कोइरी महतोलाई सफाइ दिने आदेश समेत आयो । महोत्तरी जिल्ला अदालतले प्रहरी थमन विक हत्या आरोपमा सांसद कोइरीलाई सफाइ दिएर अरुलाई जन्मकैदको सजाय सुनाइएको थियो ।

आफ्ना सांसदले सफाइ पाएकाले एमालेले पनि खाँण छुट्ने आदेशप्रति कुनै प्रतिक्रिया जनाएको देखिदैन । तर आमसाधरणमा भने आशंका देखिएको छ । विशेषगरी सरकारले ठूला भ्रष्टाचारका मुद्दामाथि छानबीन रोक्नु, पक्राऊ परेकै नेताहरु छुट्ने सार्वजनिक अभिव्यक्ति प्रमुख सत्तारुढ नेताहरुबाटै आउने गरेकाले पनि यो आदेशलाई आशंकाले हेरिएको छ ।

### महासमिति...

छन् । एमालेलाई शून्य बनाउन गठबन्धन जोगाउनुपर्नेछ र पार्टीभित्र गठबन्धनविरोधी आवाज बढाउन उनी चाहँदैनन् । त्यसैले सभापति देउवाले महासमिति बैठक चौथोपटक सार्ने निर्णय लिएका हुन् । महासमिति बैठक सार्ने प्रस्तावमा यसपटक संस्थापन इतर समूहका नेताहरु समेत सहमत भएका छन् । उनीहरुको स्वार्थ भने फरक छ । किनकि केही दिन अगाडि मात्रै संस्थापन इतरका नेताहरु डा.शेखर कोइराला र महामन्त्री गगन थापा सहितको भेला भएको छ । कोइराला र थापाबीच दुरी बढ्दै गएका बेला भएको भेलाले एकताबद्ध हुन सकिने यो समूहका नेताहरुको स्वार्थ छ ।

यदि संस्थापन इतरभित्रै फुट आएका बेला हुने महासमिति बैठकमा सभापति देउवालाई सजिलो पर्ने यी नेताहरुको बुझाइ छ । तसर्थ कोइराला र थापाबीच बढेको दुरी घटाउने समयका लागि महासमिति बैठक सार्न यी समूहका नेताहरु तयार भएका छन् ।

तर सभापति देउवा र इतर समूहका नेताहरुको स्वार्थका कारणले कांग्रेस भने आफैले तय गरेको कार्यतालिका समेत पछ्याउन नसक्ने अवस्थातिर धकेलिएका छन् । यद्यपि शुक्रबारको बैठकले आगामी १६ पुसदेखि एक महिने अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

### राष्ट्रिय...

समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल मजदुर किसान पार्टी, जनमत पार्टी, राष्ट्रिय जनमोर्चा, लोकतान्त्रिक समाजवादी पार्टी र नेपाल समाजवादी पार्टी रहेका छन् । निर्वाचन आयोगले आज शुक्रबारसम्मका लागि दल दर्ताको समय तोकेको थियो । राष्ट्रिय सभा चुनावमा स्थानीय तहका प्रमुख र उपप्रमुख र प्रदेश सभा सदस्यहरुले मतदान गर्ने छन् । फागुन २० गते राष्ट्रिय सभाका २० जना सांसद बिदा हुँदैछन् । फागुन २० गते कार्यकाल सकिनेमा नेकपा एमालेका ८, नेपाली कांग्रेसका ४ माओवादी केन्द्रका ३, एकीकृत समाजवादीका २, जनता समाजवादी पार्टीका एक र राष्ट्रपतिद्वारा मनोनित दुई जना छन् ।

### भिजिट...

भिसामा विदेश पठाउने गिरोहसँग मिलेर काम गरेको आरोपमा अध्यागमन कार्यालयका दुई अधिकृतसहित ३२ जनालाई पक्राउ गरेको थियो । नेपाल वायुसेवा निगममा कार्यरत अधिकृत अरविन्द यादव पनि पक्राउ परेका थिए । त्यसअघि सोही आरोपमा निगममा कार्यरत अधिकृत होमनाथ पोखरेललाई पनि प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ ।

त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयले संकलन गरेर पठाएका एक हजार ३२ थान भिसासहितका कागजातबाट अनुसन्धान गर्दा गिरोहले पर्यटक भिसाका लागि फर्जी कागजात बनाइ विदेश पठाउने गरेको भेटिएको हो । कागजात मिलाएबापत ट्राभल्स एजेन्सीहरुले प्रतिव्यक्ति १५ हजार रुपैयाँ लिने गरेको र अध्यागमन विभागका कर्मचारीहरुले नयाँको हकमा ५५ हजार र पुरानो (एकपटक विदेश पुगेर फर्किएका)हरुको हकमा भने ४० हजार रुपैयाँ लिने गरेको अनुसन्धानका क्रममा खुलेको प्रहरीले सार्वजनिक गरेको छ ।

### ग्रीस...

तामाङले मासिक एक लाख १५ हजार रुपैयाँ तलब हुने प्रलोभन देखाएर प्रतिव्यक्ति १० लाख ५० हजार रुपैयाँ लाग्ने बताएर १३ लाख ८४ हजार रुपैयाँ लिइ सम्पर्कविहीन भएका थिए । प्रहरीले तामाङलाई काठमाडौं महाराजगञ्जबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ ।

# ‘क्षणिक स्वार्थका लागि नियम विपरीतका काम गर्दा भ्रष्टाचार बढ्यो’

**मध्यान्ह संवाददाता**
बारा, २९ मंसिर

बाराको जितपुर सिमरामा शुक्रबार ‘सुशासन र सेवा प्रवाहमा स्थानीय तहको भूमिका’ विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ । तराई विकास तथा सञ्चार केन्द्र नेपाल काठमाडौंको आयोजना, जितपुरसिमरा उपमहानगरपालिकाको सहकार्य एवम् जिल्ला प्रशासन कार्यालय कलैया बाराको संयोजनमा सो कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रम आयोजक संस्थाका अध्यक्ष गोविन्द चौलागाईंको अध्यक्षतामा सम्पन्न भएको हो ।

कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले क्षणिक स्वार्थका लागि नियम विपरीतका काम गर्दा भ्रष्टाचार बढेको बताए । अत्यन्तै बढी विवादित हुने सार्वजनिक खरिदको विषयमा सचेत हुनुपर्ने उनले बताए ।

‘बाराका कतिपय जनप्रतिनिधिले आफ्नो जिम्मेवारी पूर्णरुपमा निर्वाह नगर्दा जिल्लाको अधिकांश पालिकामा बेथिति बढेको छ । सिम्रौनगढ, पचरौता, आदर्शकोतवाल पालिकामा अझै बजेट पारित हुन सकेको छैन’ प्रजिअ सापकोटाले भने ।

जितपुरसिमरा उपमहानगरपालिकाले आफ्ना कर्मचारीहरुलाई सुशासन र सेवा प्रवाहको बारेमा आयोजित प्रशिक्षण कार्यक्रम गर्दा प्रभावकारी भएको बताउँदै प्रजिअ सापकोटाले धन्यावाद व्यक्त गरे । उनले यस्ता प्रकारका छलफल, प्रशिक्षणमूलक कार्यक्रम अन्य पालिकाले समेत गर्न आवश्यक रहेको बताए ।

कार्यक्रममा सार्वजनिक खरिद कार्यालयका पूर्वसचिव डा. दामोदर रेग्मीले कार्यपत्र प्रस्तुत गरे । कार्यपत्र




प्रस्तुत गर्दै उनले सबैभन्दा नजिक र घरदैलोको सरकार भनेको पालिका सरकार नै भएकाले सुशासन र सेवा प्रवाह बढ्दै गएपछि सर्वसधारणले सन्तुष्टि प्राप्त गर्ने बताए । प्रभावकारी सेवा प्रवाह भए सुशासन कायम हुने बताउँदै उनले जनप्रतिनिधि तथा कर्मचारीले आफ्नो जिम्मेवारी पूर्णरुपमा निर्वाह गर्नुपर्ने बताए ।

राजस्वको तीन तहका सरकारका बीचमा हुने बाँडफाँट, सार्वजनिक खरिद, बजेटको कार्यान्वयन लगायतका विषयमा डा. रेग्मीले आफ्नो धारणा राख्दै नियम कानूनभित्र रहेर जनताको काम प्रभावकारीरुपमा गरे सुशासन कायम हुने बताए ।

नायव महालेखा परीक्षक मधेश प्रदेश कार्यालयका प्रमुख श्याम भण्डारीले कार्यपत्र प्रस्तुत गर्दै महालेखा परीक्षणको कार्यलाई प्रभावकारी बनाउन दक्ष जनशक्तिको आवश्यक्ता भएको बताए । उनले आचारसंहितको पालना गर्दै लेखा परीक्षणको काम गर्दा कानूनीरुपमा पद्धति र विधि पुऱ्याएर गर्नुपर्ने बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडा कार्यालयका प्रमुख उमाकान्त आचार्यले आव २०८०/०८१ मा बाराबाट ३७० वटा उजुरी अख्तियारमा परेको बताए । भ्रष्टाचार, अनियमितता लगायतका विषयमा ती उजुरीहरु परेको उनको भनाइ थियो । आचार्यले सामाजिक उतरदायित्वका औजारहरुको प्रयोगका रुपमा सार्वजनिक सुनुवाइ, जनसहभागिता, निष्पक्षतामा ध्यान दिँदै अगाडि बढे भ्रष्टाचारलाई न्यूनीकरण गर्न सकिने बताए । यस्तो प्रशिक्षणमूलक कार्यक्रमले सेवा प्रवाहका कार्यक्रम प्रभावकारी भएको बताउँदै प्रमुख आचार्यले मधेशका हरेक जिल्ला र पालिकामा यस्तो कार्यक्रम गर्दै जानुपर्ने र यसले सेवाग्राहीलाई सुशासनको प्रत्याभूति गराउने विश्वास व्यक्त गरे ।

जितपुरसिमरा उपमाहनगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवजीप्रसाद साहले पहिलो पाँच वर्षे कार्यकालमा ऐन, कानूनको अभावमा काम गर्न असजिलो भएको बताउँदै कानून निर्माण सम्पन्न भएसँगै संघीय कानूनको सहयोगमा सेवा प्रवाह प्रभावकारी बन्दै गएको बताए । सार्वजनिक खरिदमा समस्या देखिरहेको बताउँदै उनले जितपुरसिमरा उपमहानगरपालिकामा आव ०७८/७९मा ४३ करोड ५३ लाख ९३ हजार बेरुजु रहेको बताए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुभाष साहले सार्वजनिक सेवालाई प्रभावकारी बनाउँदै अगाडि बढे सुशासन कायम गर्न सकिने बताए । जनताको काम जनप्रतिनिधि र कर्मचारीले तोकिएकै समयमा नगर्दा समस्या उठिरहेको बताउँदै उनले जनप्रतिनिधि र कर्मचारीको मनोमानीका कारण अहिलेको व्यवस्थामाथि नै प्रश्न उठेको बताए । जनप्रतिनिधि र कर्मचारीले ढिलासुस्ती गर्दा सेवाग्राहीले समयमै सेवा पाउन नसकेको साहले उल्लेख गरे । आयोजक संस्थाका अध्यक्ष चौलागाईंले सुशासन र सेवा प्रवाहको बारेमा जितपुरसिमरामा आयोजित कार्यक्रम शुरुवात भएको बताउँदै मधेश प्रदेशका सबै जिल्लामा यस्तो कार्यक्रम आयोजना गरिने बताए । पश्चिम मधेशबाट शुरु भएको कार्यक्रम पूर्वमधेशको सिरहा, सप्तरीलगायतका जिल्लामा समस्याहरुको पहिचान गर्दै आएका सुझावहरुलाई समेटेर काठमाडौंमा सरोकारवालाहरुको सहभागितामा समाधानका उपायका बारेमा बृहत् छलफल कार्यक्रम आयोजना गरिने चौलागाईंले बताए ।

कार्यक्रममा विभिन्न कार्यालयका प्रमुख, कर्मचारी, जितपुरसिमरा उपमहानगरपलिकाका विभिन्न वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले पालिकाबाट प्रवाह हुने सेवा, नागरिकताा सिफारिस, घटना दर्ता, विकासका काम प्रभावकारी बन्न नसकेकोमा प्रश्न उठाउँदै सरोकारवालासँग जवाफ मागेका थिए ।

# बसबरीया गाउँपालिकाले कृषिका लागि निःशुल्क बिजुली उपलब्ध गराउने



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २९ मंसिर

सर्लाहीको बसबरीया गाउँपालिकाले कृषिका लागि निःशुल्क बिजुली उपलब्ध गराउने भएको छ । विद्युतीकरणको लागि बसबरीया गाउँपालिकाका अध्यक्ष रामसिंहासन रायले विद्युत प्राधिकरण बरहथवा वितरण केन्द्रका प्रमुख दिगम्बर यादवलाई बिहीबार एक कार्यक्रमकाबीच ९० लाख रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् ।

२०७९ साल भदौ १३ गते भएको कार्यपालिकाको निर्णयअनुसार गाउँपालिकाको १ देखि ६ वडासम्मको सम्पूर्ण कृषि हुने क्षेत्रमा कृषि विद्युतीकरण गरी कृषि मिटर उपलब्ध गराउन प्राधिकरणसँग सम्झौता भएको थियो । जसमा विद्युतीकरणका लागि खर्च हुने रकममध्ये प्राधिकरणले ६० प्रतिशत र गाउँपालिकाले ४० प्रतिशत तिर्नेगरी सम्झौता भएको अध्यक्ष यादवले बताए । कृषि हुने स्थानमा विद्युतीकरण गरी आवश्यकताअनुसार ट्रान्सफर्मर जडान गरेर प्रत्येक ट्रान्सफर्मरमा मिटर जडान गर्ने प्राधिकरणले जनाएको छ । वितरण केन्द्रका प्रमुख यादवले सुरज निर्माण सेवा जनकपुरधामलाई टेन्डर प्रक्रियाद्वारा ठेक्का लगाइसकेको र केही दिनभित्रमा काम सुचारु गरिने बताए ।

खपत भएको प्रत्येक कृषि मिटरको बिलवापतको रकम गाउँपालिकाले नै तिरिदिने अध्यक्ष रायले बताए । उनले आफूले चुनावको समयमा जनतासँग गरेको पहिलो बाचा पुरा भएको बताए । गाउँपालिकाले कृषिका लागि निःशुल्क बिजुली उपलब्ध गराउने भएपछि यहाँका कृषक खुसी भएका छन् । बसबरीया-१ का किसान बिरवंश यादवले गाउँपालिकाले कृषिका लागि निःशुल्क बिजुली उपलब्ध गराउने कार्यक्रमबाट राहत मिल्ने बताए । ‘सिँचाइ गर्न डिजेलपम्प चलाउँदा मर्कामा परेका थियौं, निःशुल्क विद्युत उपलब्ध गराउँदा राहत पाइने भयो,’ उनले भने । बसबरीया गाउँपालिकाले शुरु गर्न लागेको ‘कृषिको लागि निःशुल्क बिजुली वितरण कार्यक्रम’ स्थानीय सरकारले सञ्चालन गरेको योजनामध्ये नमूना भएको स्थानीय मुकेश यादवले बताए । यसबाट कृषक खेतीतर्फ आकर्षित हुने उनको भनाइ छ ।

# जापानमा रहेका नेपालीहरुले गरे भूकम्प प्रभावित क्षेत्रका विद्यालयलाई आर्थिक सहयोग

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २९ मंसिर



रुकुम पश्चिमका भूकम्प प्रभावित क्षेत्रका विद्यालयहरुलाई आर्थिक सहयोग गरिएको छ । जापानमा रहेका व्यवसायी तथा विद्यार्थीहरुले आर्थिक संकलन गरेर आठविसकोट नगरपालिका, सानीभेरी गाउँपालिका र त्रिवेणी गाउँपालिकाका ५ वटा विद्यालयलाई आर्थिक सहयोग गरेका हुन् ।

जापानमा व्यवसाय तथा अध्ययन गरिरहेका विद्यार्थीहरुले आर्थिक संकलन गरेर रुकुम पश्चिममा रकम पठाएका थिए । तीन पालिकाका पाँच वटा विद्यालयलाई ५० हजारका दरले आर्थिक सहयोग गरिएको हो । शुक्रबार नेपाल पत्रकार महासंघ रुकुम पश्चिमका सदस्य दिपेन्द्र महताराको समन्वयमा विद्यालयहरुलाई रकम हस्तान्तरण गरिएको हो ।

जापानबाट २ लाख ६५ हजार ७ सय ५५ रुपैयाँ विद्यालयहरुको लागि सहयोग आएको महताराले बताए । जापानमा रहेका नरेश ओलीको नेतृत्वमा आर्थिक संकलन भएको हो । उक्त रकम शुक्रबार जनविकास आधारभूत विद्यालय आठविसकोट नगरपालिका-१२ ठुलीबार्खुमा हस्तान्तरण गरिएको छ।

त्यस्तै जोलीपीपल आधारभूत विद्यालय आठविसकोट-९ कटेली, आधारभूत विद्यालय घामताप्ने सानीभेरी गाउँपालिका-५, सरस्वती मावि अर्मा सानीभेरी-१० र हिमालय माध्यामिक विद्यालय त्रिवेणी गाउँपालिका-१० नुवाकोटमा पनि आर्थिक सहयोग गरिएको छ । विद्यालयमा सहयोग गरिएको रकमले विद्यार्थीको आवश्यकता अनुसार सामग्री खरिद गरिने बताइएको छ ।

# नेपाली समुदायसँग सहकार्य गर्न आतुर छौं : कतार च्यारिटी



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २९ मंसिर

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारले कतारको परोपकारी संस्था कतार च्यारीटीसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । बिहीबार साँझ कतार च्यारिटीको न्युसलातामा रहेको अफिसमा च्यारिटीका विभाग प्रमुख खैरउद्धिनको विशेष उपस्थितिमा नेपाली समुदायका संस्थाका प्रतिनिधिहरूसहित अन्तरक्रिया कार्यक्रमको आयोजना गर्दै दुवै पक्षबाट दिन सकिने योगदान तथा सहयोगका बारेमा बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो । अन्तरक्रियामा च्यारिटीले नेपाली समुदायका लागि विभिन्न किसिमका सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै नेपाली समुदायसँग सहकार्य गर्न आतुर रहेको बताए । उनले पढ्न इच्छुक व्यक्तिका लागि अरबिक भाषाको पढाइ तथा लेखन, सिलाइ कटाइ, कम्प्युटर शिक्षा, कुक तालिमलगायतका क्लासहरू निःशुल्क उपलब्ध गराउने बताए । उनीहरूले समूह बनाएर आउने नेपालीहरूका लागि विशेष प्राथमिकता दिने बताउँदै एनसीसी कतारसँग समन्वय गरेर आउन पनि आग्रह गरेका थिए ।

अन्तरक्रियामा उठेका प्रश्नहरूको जवाफ दिँदै अधिकारीले नेपाली स्कुल, नेपाली कल्चरल हाउसलगायतका विषयमा समेत च्यारिटीले सहयोगका लागि पहल गरिरहेको बताए । ‘नेपाली समुदायले आफ्नो वार्षिक क्यालेन्डर बनाएर एनसीसीमार्फत सहयोगको अपेक्षा गरेमा सबै किसिमको सहयोग गर्नेछौं,’ अधिकारीहरूले प्रतिबद्धता व्यक्त गरेका थिए । सन् १९९२ को अन्तिमबाट कतारमा च्यारिटीले काम थालेको बताउँदै नेपाली समुदायले च्यारिटीबाट लाभ लिन नसकेको प्रो. मोहम्मद रमजान अलि मियाँले बताए । उनले विभिन्न आप्रवासी समुदायको सामाजिक उत्थानका निम्ति प्रभावकारी कार्य गर्दै आएता पनि नेपाली समाजको आपसी अनावश्यक विवाद तथा खिचातानीका कारण कतार च्यारिटीबाट लाभ लिन नसकेको स्पष्ट पारे ।

एनसीसीका प्रथम उपाध्यक्ष कृष्ण पन्थीले मध्यस्थकर्ताका भूमिका खेलेको कार्यक्रममा पन्थीले एनसीसी कतारको समन्वयमा च्यारिटीमार्फत खेलकुदलाई पनि प्राथमिकताका साथ अगाडि बढाइने बताउँदै शनिबार १६ वर्ष मुनिका नेपाली विद्यार्थीहरुले सामुदायिक प्रतिनिधित्व गर्दै फुटबल खेल्न लागेको जानकारी दिए । एनसीसी कतारले फरक किसिमको कार्यक्रम गरेको भन्दै सहभागीहरूले प्रशंसा गरेका थिए भने च्यारिटीसँगको सहकार्यले नेपाली समुदाय लाभान्वित हुने अपेक्षा गरिएको छ ।

कतार च्यारिटीको नेपालमा भूमिका तथा इतिहास

संयुक्त राष्ट्रसंघका विभिन्न मानवीय कल्याणकारी सेवामा यस संस्थाले सहकार्य गर्दै आएको छ । जसमा युनेस्को आइओएम छन् । च्यारिटीले विभिन्न विपत्ति तथा समस्या, युद्धग्रस्त क्षेत्र, महामारी तथा प्रकोपहरूमा अन्तर्राष्ट्रियस्तरमै आफ्नो सेवा दिँदै आएको छ । नेपालमा २०७२ सालमा गएको महाभूकम्प पश्चात ७ वर्ष अगाडि कतार च्यारिटी र समाज कल्याण परिषदबीच पाँच वर्षे एकीकृत विकास परियोजना सम्झौतामा हस्ताक्षर भएको हो ।

जसले नेपालको शिक्षा, स्वास्थ्य, गरिबी निवारण तथा सामाजिक क्षेत्रहरूमा मानवीय कार्य गर्दै आएको छ । हिल नेपाललगायत दर्जनौं स्थानीय सामाजिक संस्थाहरूसँगको समन्वयमा कतार च्यारिटीले नेपालका विभिन्न प्रदेशमा आफ्नो कार्य विस्तार गरेको छ । नेपालमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, खाद्यान्न, आर्थिक सशक्तीकरण, बाल्यकाल, सामाजिक हेरचाह र सामाजिक सद्भावजस्ता बहु मानवीय र विकास क्षेत्रहरूमा यसले कार्य गर्दै आएको छ । यसैगरी नेपालको ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच बढाउन लुम्बिनी प्रदेश सरकारलाई ८ वटा सुविधा सम्पन्न एम्बुलेन्स हस्तान्तरण समेत गरेको छ ।

# शंकरपुर ताल निर्माणका लागि पहल



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २९ मंसिर

सिँचाइ तथा जल स्रोत व्यवस्थापन आयोजना जावलाखेल ललितपुरले शंकरपुर तालको स्थलगत अनुगमन गरेको छ । बिहीबार सिँचाइ तथा जल स्रोत व्यवस्थापन आयोजनाका प्रमुख योगेन्द्र मिश्र तथा इन्जिनियरसहितको टोलीले योजना कार्यान्वयनका लागि विजयनगर गाउँपालिकाको वडा नम्बर ४ मा अवस्थित शंकरपुर तालको स्थलगत अनुगमन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का लुम्बिनी प्रदेश समिति सदस्य दिपक रजौरियाले बताए ।

रजौरियाले २०७९ सालमा तीन वर्षभित्र शंकरपुर ताल विजयनगरको पूर्ण संरक्षण, स्तरोन्नोति, क्षमता वृद्धि गरी सुरहीबाट पानी लिफ्ट गरेर सिँचाइ गर्ने वाचा गरेका थिए । उनले योग्य ८ सय ५० हेक्टरमा सिँचाइ सुविधा विस्तार गर्ने संकल्पलाई साकार गर्नका लागि बिहीबार शंकरपुर तालको स्थलगत अनुगमन गरिएको बताए ।

अनुगमन गर्न आएका टोलीलाई उनले शंकरपुर तालबारे सुझाव सल्लाह समेत दिए । सो अवसरमा लुम्बिनी प्रदेश सभा सदस्य तथा पूर्वमन्त्री जानकी प्रसाद यादव, विजयनगर गाउँपालिका अध्यक्ष गोपाल थापा, युवा समाजसेवी चेतन ढकाललगायतको उपस्थिति थियो । गत वर्ष भदौ महिनामा अविरल वर्षाका कारण तालको बाँध फुटेको थियो । बाँध निर्माण नभएपछि सयौं किसान मर्कामा परेका छन् ।

**महत्वपुर्ण कागजात हरायो**

प्रस्तुत विषयमा मिति २०८०/०८/१५ गते घण्टाघर त्रिचन्द्र कलेजदेखि जमल जानेक्रममा त्रि.वि.बाट मेरो नाममा जारी रजिष्ट्रेशन नं. ६.१.५४.२७९.२००२ को सक्कल प्रमाणपत्र हराएकोले नजिकको प्रहरी चौकी अथवा मेरो मोवाइल नंम्बरमा सर्पक गरी दिनुभएमा उचित पुरस्कार दिनेछु ।

नाम : केशव शाही
ठेगाना : रुकुम आठविसकोट वडा नं. ०१
मोवाइल नं. : ९८४१५०९१३३

# मौलापुरमा आगलागीबाट लाखौंको क्षति



**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, २९ मंसिर

रौतहटको मौलापुर नगरपालिकाको दुई वटा वडामा आगलागी हुँदा लाखौं मूल्य बराबरको क्षति भएको छ । नगरपालिकाको वडा नं.३ र ६ मा भएको आगलागीबाट चार वटा गोठ जलेर नष्ट भएको छ भने गोठमा रहेका ५ चौपायाको जलेर मृत्यु भएको छ । आगलागीबाट १४ लाख बढीको क्षति भएको पीडितहरुले बताएका छन् ।

मौलापुर नगरपालिका-६ पथरा बुधरामस्थित त्रिभुवन रामको गोठमा बिहीबार राति आगलागी हुँदा गोठ पूर्णरूपमा जलेर नष्ट भएको हो । आगलागीमा परी भैंसी र बाख्रा गरी ५ चौपाया जलेर मरेको इलाका प्रहरी कार्यालय मौलापुरका प्रमुख इन्स्पेक्टर कुशल बर्तौलाले जानकारी दिए । गाउँले र प्रहरी मिलेर आगलागी नियन्त्रणमा लिइएको थियो ।

त्यसैगरी मौलापुर ३ गम्हरियामा बिहीबार राति भएको आगलागीबाट तीन वटा गोठ जलेर नष्ट भएको छ । मौलापुर नगर प्रमुख रिनाकुमारी साहले आगलागीको कारण पत्ता लगाउन र पीडित परिवारलाई तत्काल सहयोग गर्न सम्बन्धित निकायलाई आग्रह गरेकी छिन् ।

**Qatar मा रोजगार** AL Riyadh Contracting Co. W.L.L.

पूर्व स्वीकृति मितिः २०८०/०८/२९ चलानी नं.:६०२११५५९ LT No. 296507

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer | 6 | काममा दक्ष | 1000 | ३६,४३२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| २. | Painter | 1 | | 1200 | ४३,७१९।- | | | | | | | |
| ३. | Driver | 1 | | 1700 | ६१,९३५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | साउदीको हकमा भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,०००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८० पुष ७ गते (23 Dec., 2023) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।


वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर, बानेश्वरमा सम्पर्क राख्नुहोला ।

NISHAN Recruitment Services
निशान रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि.
श्रम ईजाजत नं.: ४७५/०६०/०६१
बसुन्धारा, काठमाडौं फोन : ४९५२७२८ Email: groupnishan@gmail.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

कथा

# हारेकी उजरी



■ विश्वराज अधिकारी

> धेरै बेरसम्म डिबिया बलेको हुनाले तेल सकियो र बत्तिहर मात्रै बल्यो केही बेरसम्म । धुआँ छरियो यत्र तत्र । उजरी मस्त निद्रा मै थिई । राति ढिलोसम्म उजरीको झुपडीमा बत्ति बलेको हुनाले भट्टीबाट दारु पिएर फर्किने अधबैंसे दरुआहाहरूले उजरी तिनको प्रतीक्षामा बसेको अनुमान गरे ।

पिसाब बगिरहने रोग लागेकी सुखलीलाई उसैको गाउँबाट निष्कासन गरे । उसलाई ओलारको छेउमा एउटा झुपडी बनाई दिए । जिउबाट पिसाबको दुर्गन्ध आउने हुनाले गाउँमा पस्न सुखलीलाई पूर्णरूपमा प्रतिबन्ध गरिएको थियो । पहिलो सन्तानलाई जन्म दिँदा नै त्यस्तो भएको हुनाले परिवार मात्र होइन, लोग्नेसमेतको पनि रिस पोखिएको थियो सुखलीमाथि । सुत्केरी बेला एक पटक लोग्नेले भेट्न आएकोसम्म याद छ, त्यसपछि आफू छेउ त के टाढाबाट मात्र पनि हेरेको थाहा छैन सुखलीलाई । केही वर्षपछि सुखलीको लोग्नेको सर्पले टोकेर मृत्यु भएपछि गाउँभरिकै घृणा र क्रोध पोखिएको थियो उमाथि । गाउँलेहरूले यी सबै दुर्घटनाहरूका लागि सुखलीलाई दोषी बनाएर उसको नाम नै परिवर्तन गरिदिएका थिए । उसको नयाँ नामाकारण भएको थियो - 'उजरी' । अर्थात् सबै थोक उजाड भएको । यो हो उजरीको संक्षिप्त इतिहास ।

आमाले उजरी भएको ठाउँमा आएर भेट्ने गरेतापनि उजरीले भने आमाको घरमा जानु पर्दा राती लुकी छिपी जानु पर्दथ्यो । राती रक्सीले मात्तिएका एक/दुई जना अधबैंसे लाग्ने मान्छेहरू उजरीको झुपडीमा प्रवेश गर्दा बाध्यता वा स्वेच्छामा उसले तिनीहरूसँग कहिले काहीँ रात बिताउनु पर्ने बाहेक अन्य कुनै पुरुष वा स्त्री उजरीको झोपडीमा प्रवेश गरेको कहिले देखिएन । उजरीको जनसम्पर्कको विवरण पनि यत्ति नै हो ।

उजरीलाई आज किन हो, एकदमै छटपटी भइरहेको छ । छाति पोलेको छ । टाउको भारी भएको थियो । केही गर्न पटक्कै मन लागेको थिएन । जिलेबिया, सिलेबिया, सुनरी र अरु थुप्रै उसका साथीहरू लोग्नेको घरमा मज्जासँग बसेको देख्दा उसको छाती पोल्छ । भिजेको तिघ्रा पुछी । केही बेर आमालाई पनि गाली गरी - निर्दयीको घरमा बिहे गरेर पठाई दिएको भनेर । 'घरका मानिस त निर्दयी छन् नै गाउँलेहरू पनि उस्तै' फेरि फतफताई । गाउँमा लागेको एक दिने मेलामा जान नपाएर छटपटी भएको थियो ।

झुपडीदेखि केही पर ओलारको दक्षिण पट्टिको छेउमा बडो धुमधामको मेला लागेको थियो । केही महिना पहिलेदेखि नै त्यो गाउँमा मेला लाग्दैछ भनी मुखिया साहेबले गाउँ-गाउँमा डंका पिटाएका थिए । उजरी त्यो मेला हेर्न जाने पनि कसरी ? कतै गयो कि नाक थुनेर लखेट्न थाल्छन् । टाढैबाट मेलाको दृश्य अवलोकन गरिरहेकोमा उसको ध्यान एक्कासी गाउँबाट मरेको बैल ल्याउँदै गरेको दृश्यतिर केन्द्रित भयो ।


मरेको एउटा बुढो बैलालाई ठूलो बाँसमा तीन जनाले एकतिर तथा बाँकी तीन जनाले अर्कोतिरबाट काँधमा झुन्ड्याएका थिए र स्याँ स्याँ गर्दै लम्कदै थिए ओलारको उत्तरपट्टिको छेउतिर, सिमलको रुख नजिक ।

बैल बोक्ने मध्येको एक युवकले मुखको पसिना गम्छाले पुछ्दै क्रोधित मुद्रामा बोल्यो 'साले मुखिया, जवान हुनञ्जेलसम्म जोत्नु जोत्यो यो बैललाई, बूढो भएर थला परेपछि घाँस पानी दिन छाड्यो । खान नपाएपछि बुढो बैल मर्दैन' ।

प्रस्तुत मन्तव्यप्रति सबै सहमत भए । एउटाले थप्यो पनि 'जवान बैललाई सबैले पाल्छन्, बूढो भएपछि भगवान भरोसे ! जवानीमा यो बैल कम बलियो थियो ? जंगलबाट कति मोटा-मोटा काठ ओसारेको छ यसले बैलगडीमा' । यो संवादपछि मरेको बैल भूइँमा राख्ने कार्य सम्पन्न भयो । उजरीले त्यो दृश्य सुरुदेखि समाप्तिसम्म हेरि रही ।

त्यो मरेको बैल नजीक केही पुरुष तथा केही महिलाहरू आए । दुई पुरुषहरूले बडो कुशलतापूर्वक त्यो बैलको छाला झिके । दुबैको बीचमा संवाद भएको सुनियो । 'यो छालाको खुब बलियो नारन होला जस्तो छ, है ? पहिलो व्यक्तिले बोल्यो । 'हो' दोस्रो व्यक्तिले बोल्यो । पहिलो व्यक्तिले पुन बोल्यो 'चारबटा नारन बनाएर समनपुर बजारमा लगी बेच्नु पर्छ । फगुआको खर्च पनि त झिक्नु पऱ्यो नि ?'

केही बेरपछि आएका दुई महिलाहरूले त्यो बैलको शरीरबाट केही मासु झिके । त्यो दृश्यले गर्दा बैलको अन्तेष्टि हेर्ने उजरीको इच्छा पहिलेभन्दा झनै तिब्र भयो । त्यो बैलको आँखा फोड्ने कार्यमा केही कागहरू व्यस्त देखिए । गाउँका कुकुरहरूले मासुको गन्ध पाएता पनि कुन दिशाबाट त्यो गन्ध आएको हो पत्ता लगाउन नसकेको हुनाले गन्ध कताबाट आएको हो भनी थाहा पाउन ती कुकुरहरू कहिले यो कहिले त्यो दिशामा कुद्न थाले । कुकुरहरूको आगमन नभएकोले कागहरूले निर्धकतापूर्वका बैलको जीउबाट आफूलाई मन पर्ने मासु झिक्दै थिए तर, शान्तिपूर्वक भने होइन । युद्ध उनीहरूको बीचमा पनि चल्दै थियो, बढीभन्दा बढी मन परेको ठाउँको मासु झिक्न । युद्ध गर्न सक्ने क्षमताअनुसार नै मासु हात पार्दै थिए, कागहरूले ।



कुकुरहरूले एकै साथ धावा बोले, बैलको मासुमाथि । अघिदेखि आकाशमाथि भौतारीरहेका गिद्धहरू पनि तल झरे । मासु तान्न कुकुर र गिद्धहरूको बीचमा द्वन्द्व चल्न थाल्यो, भयानकसँग । पूर्वतिरबाट कुकुरहरूले र पश्मिततिरबाट गिद्धहरूले मोर्चाबन्दी गरेका थिए । मासु तान्न गरिएको खिचातानीको क्रममा बैलको शरीर कहिले कुकुरहरूको कहिले गिद्धहरूको शिविरमा जाने दृश्य घृणा र मनोरञ्जन मिश्रित थियो । कुनै बेला गिद्धहरूले कुकुरहरूलाई भने कुनै बेला कुकुरहरूले गिद्धहरूलाई लखेटेर धेरै टाढासम्म पुऱ्याउँदथे । केही गिद्धहरू रुखमाथि बसेका थिए । उजरी त्यो दृश्य कौतुहलतापूर्वक हेर्दै थिई । कुकुर वा गिद्धले जित्ने हो भन्नेमा उसको उत्सुकता केन्द्रित भयो । लामो समयसम्म दुबै पक्षहरू बीच भएको युद्धपछि बैलको शरीरबाट मासु नै रित्तियो । बाँकी थियो भने केवल हाड र सिङ्ग । कुकुरहरू भुक्दै गाउँतिर कुदे अनि गिद्धहरू आकाशतिर उडे । उजरीको दृष्टि कहिले कुकुर, कहिले गिद्धतिर केन्द्रित भएको थियो ।

गाउँमा लागेको एक दिने मेला समाप्त भइसकेको थियो । सूर्य उदाउनुभन्दा पहिले नै पसलेहरू अर्को मेलामा जाने यात्र आरम्भको तयारीमा जुटे । मेलाको अवशेष अवलोकनभन्दा किन हो, त्यो बैलको अन्तेष्टि हेर्न नै उजरी उत्सुक भई । उसको आँखा त्यो सिमलको रुख नजिक रहेको त्यो बैलको हाडतिर केन्द्रित भयो । उजरीले हेर्दा हेर्दै एउटा बैलगडी त्यहाँ आइपुग्यो । बहलियाले आफ्नो सहायकलाई आदेश दियो 'हाल, त्यो बैलको हाड गडीमा । छिटै गर, अरु गाउँहरूमा पनि जानुपर्छ । ठेकेदारलाई पूरा गडी हाड बुझाउन पाए आजै पैसा पाइन्थ्यो' ।

बहलियाको व्यग्रता मिश्रित आदेश सकिएपछि सहायकले सोध्यो 'यो हाडको के हुन्छ, भैया ?'

'ए ससुर, यति पनि थाहा छैन, यसको खाद बन्छ । खेतमा हाल्ने खाद । त्यो खाद खेतमा छरेपछि धान खुब फल्छ' बहलियाले उत्तर दियो । पशुको हाड निकै काम लाग्ने तथ्य सहायकले थाहा पाएर आफ्नो मुहारमा सन्तुष्टि अनि प्रसन्नता पनि प्रदर्शित गऱ्यो ।

